# सूर्यविक्रम ज्ञवालीको उत्तरार्द्ध

- *जनकलाल शर्मा*

परिस्थितिवश काशीमा बसेका थिए सूर्यविक्रम ज्ञवालीका पितापुर्खा । त्यहीं जन्म भयो उनको । बाल्यकालदेखि किशोरावस्थासम्म व्यतीत भयो त्यहीं । प्रारम्भदेखि आई. ए. सम्मको शिक्षा पाए काशीमा । म्याट्रिक परीक्षा दिए कलकत्ताबाट र आई. ए. पास गरे काशी हिन्दु विश्व विद्यालयबाट । लिडर प्रेसमा पनि केही समय काम गरे उनले । बालसंगाती धरणीधर कोइराला एकवर्ष पहिले नै पुगिसकेका थिए दार्जीलिङ्ग गभर्नमेन्ट हाईस्कुलमा शिक्षकभएर । अरू पनि शिक्षकको आवश्यकता थियो त्यहाँ र त्यसैमा पुगे सूर्यविक्रम ज्ञवाली पनि जागिर खान ई.सं. १९२३ तिर । हाईस्कुलमा शिक्षकहुन बी.ए. उपाधि अनिवार्य भयो पछि । ज्ञवाली र धरणीधर, दुवैले पूरा गरे बी. ए. को उपाधि । रहँदा बस्ता शिक्षकका लागि अनिवार्य मानिने बि.टी. अर्थात् ब्याचलर इन टिचिङ्ग पनि पूरा भयो दुवैको सेवाकालीन शैक्षिक सुविधामा । बी. ए. र बी. टी. दुवै पास गरेका हुन् सूर्यविक्रम ज्ञवालीले कलकत्ता विश्वविद्यालयबाट भने ढाका विश्वविद्यालयबाट बि. टी. गरेका हुन् धरणीधर शर्माले । बी. ए. र बी.टी. दुवैमा डिस्टिङ्गशन ल्याएका थिए ज्ञवालीले । त्यसले गर्दा ठूलो सम्मान भयो बंगालको समाजमा उनको । सँगैको साथी तीनपटक प्रयत्न गर्दा पनि स्नातक हुन सकेनन् पारसमणि प्रधान । सू.ध.पा. नामले अमर भए तीनै जना नेपाली समाजमा । धरणीधर कोइराला ई.सं. १९५२ मा सेवानिवृत्त भए भने ई.सं १९५४ मा सेवा निवृत्त भए सूर्यविक्रम ज्ञवाली ।

दार्जीलिङ्ग पुगेपछि विवाह भएको थियो । सूर्यविक्रम ज्ञवालीको मकवानपुरका वानियाँ क्षेत्रीकी छोरीसँग । दुई भाइ छोरा र एउटी छोरीको जन्मपछि राजयक्ष्माले समात्यो उनलाई । त्यस समयसम्म आजजस्तो अचूक औषधि पाइँदैनथ्यो राजयक्ष्माको । अत्यन्तः ज्यान लिएरै छोड्यो त्यसै रोगले । तीन-तीनजना बालक छोराछोरीलाई हेरचाह गर्ने र हुर्काउन मानिस भएन ज्ञवालीका लागि । काठमाडौं निवासी बस्नेत छेत्रीकी छोरीसित अर्को विवाह भयो सूर्य विक्रमको जेठीपट्टिका तनि सन्तति थिए भने त्यति नै थपिए कान्छीबाट पनि । सेवा निवृत्त हुँदा चारभाइ छोरा, दुई बहिनी छोरी र आफू दुई गरी आठ जनाको परिवार थियो उनको । भाग्य अजमाउन काठमाडौं आए उनी सपरिवार । दार्जीलिङ्गको दाँजोमा केही सस्तो नै थियो यहाँ ।

स्वयं दाह्री बनाउन सिकेका थिएनन् सूर्यविक्रम ज्ञवालीले । रोजै बिहान आएर दाह्री बनाइ दिएर जान्थ्यो हजाम । क्षेत्रपाटीको काठ व्यापारी बाबुलालको घरमा डेरा गरेर बसेका थिए उनी । रोजै गफ गर्न आउँथे सागरमणि आ.दी.ज्ञवाली बसेका ठाउँमा । एकातिर दिव्यदेव भट्ट र उनका साथी बसेका थिए भने आर्कातिर बसेका थिए सूर्यविक्रम ज्ञवाली । डेराको असुविधा प्रकट गरे ज्ञवालीले सागरमणिसित । म बसेको घरमा पनि भाडामा दिने राम्रा राम्रा कोठा छन् भने सागरमणिले ज्ञवालीसित । जेनरल ऋषिकुमार पाण्डे (सम्भवतः कर्णेल मात्र थिए त्यस समय)का बाबु बेलायत कुमारका घरमा बसेका थिए सागरमणि । डेरा हेर्न गएका थियौं सूर्यविक्रम ज्ञवाली र म । चौरमा टाँगिएको छातामुनि बसेर पारिवारिक गफ गर्दै चिया खाँदै थिए केही भद्र महिला तथा पुरुषहरू । नौला मान्छे आएको देखेपछि कुकुर सतर्क भयो पहिले छातामुनि बसेका भद्र व्यक्तिमध्ये एकजनाले दुई-चार कदम वर आएर सोधे कसलाई खोज्नु भएको हो भनेर । उत्तरमा हाम्रो मुखबाट निस्केछ लण्डनकुमारज्यूलाई खोजेको । शिष्टतापूर्वक सबभन्दा पाका मान्छेले उत्तर दिए -"लण्डनकुमार त थाहा छैन बेलायतकुमार र पाण्डे भनेको मै हुँ" भने उनले । सागरमणिको सूचना भन्यौं उनलाई । दरबारी शान-शौनकमा छिर्न पटक्कै मन भएन ज्ञवालीलाई । चियाको आतिथ्यका लागि धेरै धेरै धन्यवाद दिएर फर्क्यौं हामी ।

हजामको दाह्री कटाइमा खटिराजस्तो विमिरा उध्रेर आएछ सूर्यविक्रम ज्ञवालीका गालामा । दाह्री बनाउन छोड्नु पऱ्यो उनले । अब दाह्रीवाल भए सूर्यविक्रम ज्ञवाली ।

योगी नरहरिनाथ र म पश्चिम नेपालको भ्रमणमा गएका थियौं केही महिनाका लागि त्यसै समय । रोजै दाह्री काट्नु वा बनाउनु समस्या थियो त्यस्तो समयमा त्यसै कारण दाह्री बढेको थियो मेरो पनि । कटाउने विचार गर्दा गर्दै फागुको बेला आयो त्यसै समय । ठिक्क मुसलमानका जस्ता थिए मेरा दाह्री । मुसलमानलाई रङ्ग

हाल्दैनथ्यो कसैले पनि । काठमाडौंको जनसमुद्रमा कसले चिन्थ्यो र यस दाह्रीवाललाई । मुसलमानै भएर फाइदा उठाएँ मैले । अत्यन्त मिलेका मित्र थियौं सूर्यविक्रम ज्ञवाली र म । खाने बेलामा मात्र घर पुग्थ्यौं हामी नत्र गल्ली गल्लीमा भएका शिलापत्र र अन्य अभिलेखको अध्ययनमै व्यस्त हुन्थ्यौं दुवै जना । दुईहजार एघार साल फागुन तीसगते निधन भयो । श्री ५ त्रिभुवनको स्वीटरजरल्याण्डमा उपचार गराउँदा गराउँदै । शाही शव आयो पशुपतिको आर्यघाटमा दाह संस्कारका लागि । श्री ५ युवराजाधिराज महेन्द्र वीर विक्रम शाह बसे श्री ५ को शाही गद्दीमा औपचारिक रूपमा राज्यारोहण भयो श्री ५ महेन्द्रको । खोजी-खोजी मुण्डन गर्न लगाउँथ्यो प्रहरीले नेपाली जनतालाई । कपालमात्र होइन दाह्री पनि पालेका थियौं सूर्यविक्रम ज्ञवाली र मैले । बिहान घुम्न निस्कँदा घरमा भनेर हिंड्थ्यौं- “हामी समयमा फर्केनौं भने थानामा खोज्नु भेट हुनेछ त्यहीं ।” यसै प्रकार लुकामारीमा एक महिनाभन्दा बढी समय बित्यो हाम्रो । एकदिन नयाँ सडक पुगेका थियौं ॐ बहालका शिलालेखको अध्ययन सकेर । झ्यालमा बसेका रहेछन् जेनरल चन्द्रबहादुर थापा । ज्ञवालीसित राम्रो परिचय थियो उनको र अत्यन्त आदर गर्थे उनलाई । ज्ञवाली र मलाई माथि आउन भने उनले । भलाकुसारी पछि दाह्री र कपाल किन नकाटेको भने चन्द्रबहादुर थापाले । फोटो खिंचाएर काट्छौं भन्यौं दुवैजनाले । भोलि मुडुलो टाउको देखाउने शर्तमा मुक्त भयौं हामी अर्थात् ज्ञवाली र म । न्ह्यौखामा गएर फोटो खिचाउने काम गरेपछि मुण्डन गरायौं नयाँ सडकको ‘गणेश र भाइहरू’ नामक हजामको पसलमा गएर । “पोहोर मरिन् सासु ऐले आए आँसु” भनेजस्तै भयो यो पनि ।

एकपटक सरकारी सेवाबाट निवृत्त भएको मान्छेलाई पुनः काम पाउनु अत्यन्त गाह्रो हुन्छ त्यसै पनि । त्यसमा पनि भारतीय नागरिक परे उनी । यस्तो कुरामा पनि नाटिकुटी गर्थे यहाँका वासिन्दाहरू । यसै अवस्थामा एउटा बोलाहट आयो पश्चिम बंगाल सरकारबाट । लाइब्रेरीको हेरचाह र सामाजिक सेवाको काम थियो त्यो । हामीकहाँ प्रौढ शिक्षा भनिए पनि सामाजिक सेवा शिक्षा भनिन्थ्यो दार्जीलिङ्गतिर त्यसैलाई । आफू परिवारलाई काशीको रमापुर भन्ने ठाउँमा राखेर दार्जीलिङ्ग पुगे सूर्यविक्रम ज्ञवाली । धरणीधर कोइराला पनि बसेका थिए सपरिवार के भन्ने सपत्निक त्यहाँ । यता उति गरेर दुईपटक मौका पाए करार सेवामा ज्ञवालीले । बढीमा दुईपटक भन्दा बढी करार सेवामा राख्न सक्तैन कसैले । दोस्रोपटक मौका पाएपछि स्वतः समाप्त भयो त्यो । यी सबै कुरासित अवगत थिएँ म ।

दुईहजार बाह्र सालमा प्रधानमन्त्री भए टंकप्रसाद आचार्य । शिक्षामन्त्री भए बालचन्द्र शर्मा । दुईहजार नौ सालदेखि रिक्त रहेको थियो पुरातत्व विभागको निर्देशक पद । कारबाई नगरे पदै ल्याप्स भएर जाने अवस्था आयो त्यहाँ । कायम मुकायम दिए एउटा अधिकृतलाई पदसम्म जोगियो त्यसले गर्दा । आँखाको तारो हुन्छ विभागीय प्रमुखको पद त्यसै कारण स्थायी गर्दिए पनि तत्काल नखाने पक्षमा थिएँ म । जगतबहादुर बुढाथोकीलाई शिक्षा सचिव बनाउन रुद्रराज पाण्डेलाई धपाउनु पर्‍यो कतै । डेढलाख एकमुष्ट बजेट दिएर पुरातत्व विभाग खडा गर्न भनियो उनलाई । पुरातत्व विभागको डाइरेक्टरबाट पनि अमेरिकी शिक्षा विशेषज्ञ ऊडका साथ कलेज अफ एजुकेशन सित सम्बद्ध शिक्षा आयोगमा काम गर्न थाले सरदार रुद्रराज पाण्डे । उनैले छोडेको रिक्त आसन हो पुरातत्वको निर्देशक पद । नाम चलेका कुनै योग्य व्यक्तिलाई निर्देशक पद दिन अनुरोध गरें मैले । केही नाम प्रस्तावित गर्न भने शिक्षामन्त्री बालचन्द्र शर्माले । सूर्यविक्रम ज्ञवालीको नाम लिंदा मञ्जूर गरे त्यस नामलाई बालचन्द्र शर्माले । निजामती सेवा ऐन आएको थिएन त्यस समयसम्म । उमेरको हद घटबढ गर्न सक्तथ्यो सरकारले ।

सूर्यबिक्रम ज्ञवालीका दुईकाम जिम्मा लिएको थिएँ मैले । एउटा नेपालमा उनको योग्य जागिर खोज्ने र अर्को उनले जीवनभर जम्मा गरेका नेपालसम्बन्धी त्यसमा पनि खास गरेर इतिहासका पुस्तकको बिक्री । पुस्तक किनिदिन पनि अनुरोध गरें शिक्षामन्त्रीलाई । जागिरको कुरा त भनेकै थिएँ पहिलेदेखि । ठूलो कुर्सीमा बसेपछि मेरो पनि कालाबधि समाप्त हुन्छ भन्ने एक रत्ती पनि भान हुँदैन मान्छेलाई । अनन्तकालसम्म म यहाँ विराजमान हुन्छु भन्ने लागेको हुन्छ मान्छेलाई । त्यसै कारण समयको परवाह गर्दैन ऊ । बल्ल-बल्ल सूर्यविक्रम ज्ञवालीलाई बोलाउने औपचारिकता पूरा गर्‍यो श्री ५ को सरकारले शिक्षा मन्त्रालयबाट पत्र गयो पनि उनलाई । मन लागी नलागी आइपुगे उनी । भीमफेदीको बाटो भएर लामो यात्रा गर्दै आउनु पर्थ्यो काठमाडौंमा । उनी काठमाडौं आइनपुग्दै भङ्ग भयो । टंकप्रसाद आचार्यको मन्त्रिमण्डल । टंकप्रसादका ठाउँमा डा. के आई. सिंह प्रधानमन्त्री भएपछि । बालचन्द्र शर्माका ठाउँमा शिक्षामन्त्री भए लक्ष्मीप्रसाद देवकोटा । उनैकहाँ

पुऱ्याएँ सूर्यविक्रम ज्ञवालीलाई । कुर्सीको मात त अलि अलि चढेकै थियो देवकोटामा पनि । कुरा बुझाए पछि तुरुन्त कुरा बुझे उनले । छ महिनाको नियुक्ति मिल्यो । शिक्षा मन्त्रालयबाट पुरातत्व विभागको डाइरेक्टर पदमा पछि लोकसेवा आयोगमा जाने गरी ।

उनी पुरातत्व विभागको निर्देशक पदमा नियुक्त भएकै समय बार बार गइरहनु पर्थ्यो प्रधानमन्त्री डा. के.आई.सिंह कहाँ । अत्यन्त कडा मिजासका थिए उनी । चारैतिर कडा सुरक्षाका बीचमा बसेर स्टाफ मिटिङ्ग गर्थे आफ्नो निवासमा । रङ्गमहलमा थियो उनको निवास । अहिले मल्ल होटेल भएको ठाउँलाई भनिन्थ्यो रङ्गमहल । केशर महलको नै अङ्गभित्रको एउटा घर हो त्यो । मन्त्रीदेखि विभागीय प्रमुख र अन्य अधिकृत समेत जम्मा हुन्थे के.आई.सिंहको स्टाफ मिटिङ्गमा । सूर्यविक्रम ज्ञवाली विभागीय प्रमुख थिए भने उनैको सहायक थिएँ म । रामबहादुर रावल नामका व्यक्ति निजी सचिव थिए प्रधानमन्त्रीका । एकातिर कडा मिजासका थिए भने आर्कातिर लहडी पनि थिए उनी । प्रधानमन्त्रीलाई के लहड चलेछ त्यसदिन र सबैसित दुइटा प्रश्न गरे र भने - “नेपालमा सबभन्दा ठूलो विद्वान् र कवि कोहो’ नाम लिन भने उनले । धेरैले धेरैका नाम लिए तर चित्त बुझेन उनको । अन्त्यमा सबैलाई लोप्पा ख्वाएको अभिनयमा हत्केला देखाउँदै भने -“यी खाउला, नेपालको सबभन्दा ठूलो विद्वान् हो कृष्णप्रसाद चापागाईं र कवि हो धर्मराज थापा ।” यसको प्रतिवाद गर्ने साहस थिएन कसैमा शिर निहुराएर हो मा हो भने सबैले । कृष्ण प्रसाद चापागाईंको तत्कालै नियुक्ति भयो भ्रष्टाचार नियन्त्रण आयोगको अध्यक्षमा । रेडियो नेपालको निर्देशक पदमा नियुक्ति दिने पक्का भइसकेको थियो धर्मराज थापाको । त्यस समय बाग बजार बस्थे उनी । भोज पनि खाइदिए साथीहरूले निकै मोटो रकम खर्च गराएर । तर दुर्भाग्य नै भन्नु पऱ्यो नियुक्तिपत्र लिन नभ्याउँदै विघटनमा पऱ्यो डा. के.आई. सिंहको मन्त्रिमण्डल । रेडियोको डाइरेक्टर भएनन् धर्मराज थापा अलिकतिले गर्दा ।

विचित्र विचित्रका मन्त्रिमण्डलका निर्णय अर्थात् क्याबिनेट निर्णय भएका थिए डा. के.आई.सिंहका पालामा उनी प्रधानमन्त्री हुँदा । सुश्री उमा लोहिनी, रामचन्द्र मलहोत्रा र प्रा. ईश्वर बरालका विरुद्धमा थियो त्यो निर्णय । श्री ५ को सरकारको पूर्व स्वीकृति वेगर नेपालभन्दा बाहिरका राष्ट्र, संस्था र व्यक्तिसित सम्पर्क राखेबापत निज तीनैजनाको नेपालको नागरिकता निलम्बन गरिएको थियो र यसको प्रचार स्थानीय पत्रपत्रिका र रेडियो नेपालद्वारा खूब प्रचार प्रसार भयो । तर के.आई.सिंह सरकारको पतनसँगै यस्तो बौलठ्ठी निर्णय पनि स्वतः खारेज भए त्यसपछि ।

छ महिनासम्म जागिर खाए सूर्यविक्रम ज्ञवालीले पुरातत्व विभागको निर्देशक पदमा रहेर त्यसपछि स्वतः समाप्त भयो उनको पदावधि । उमेरको हद नाघिसकेको हुँदा लोकसेवा आयोगको अन्तर्वार्तामा बस्न मञ्जूर भएन उनलाई । लोकसेवा आयोगका अध्यक्ष मात्र होइन सबै सदस्यहरू आदर गर्थे उनलाई । बेलाबेलामा पदपूर्ति समितिको बैठक भइरहन्थ्यो लोकसेवा आयोगमा । त्यसमा बराबर बोलाउँथे ज्ञवाली र मलाई विशेषज्ञको रूपमा । मलाई अघि नलगाइ कतै जाँदैनथे उनी । लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरूले जति अनुरोध गरे पनि अन्तर्वार्तामा बसेनन् उनी । यसप्रकार समाप्त भयो उनको काठाडौंको बसाइ ।

काशीको रमापुरा भन्ने ठाउँसम्म पुऱ्याउन गएँ म उनको जागिरको अवधि सकिएपछि । झनै हप्तादसशदिन बसेँ हुँला ज्ञवालीको पारिवारिक आतिथ्यमा । अत्यन्त आदर गर्थे उनीहरू पनि मलाई । मैले त नगर्ने कुरै भएन । म त्यहीं बसेका बेला एउटा पुस्तक किनेर ल्याए ज्ञवालीले र त्यसमा लेखे -

“श्रीयुत जनकलाल शर्मा महोदयका करकमलमा हामी दुवैजना सँगै नेपालबाट काशीआयेका अवसरमा स्मृतिमा सप्रेम समर्पण ।

**- सूर्यविक्रम ज्ञवाली**
*रमापुरा, काशी*

६-१०-१९५७”

“पुस्तकको नाम थियो ‘हिन्दू गणित शास्त्रका इतिहास’ भाग १ अंक- संकेत और अंक गणित, त्यसका लेखक हुन् डा. विभूतिभूषण दत्त, डी. एस.सी., डा. अवधेशनारायण सिंह, डी. एस.-सी. अनुवादक हुन् डा. कृपाशंकर शुक्ल, डी.लिट, प्रकाशक, प्रकाशनब्यूरो उत्तरप्रदेश, सरकार लखनऊ ।

उनले प्रेमपूर्वक सम्झनाका लागि दिएको पुस्तक बोकेर आएँ म पनि नेपालतिर काशीमा उनलाई छोडेर । साँच्चिकै फुक्लेको दाँत जस्तो हुन्छ, मान्छेको अवस्था यदि सम्पत्ति कमाउन सकेको छैन भने जागिर छोडेपछि । मासिक दुईसयभन्दा पनि कम निवृत्ति भरणमा कसरी निर्वाह गर्ने, आफू समेत आठ-आठ जनाको परिवारलाई । कसरी धान्ने त्यो ? यिनै कुरा मनमा खेलाउँदै काठमाडौं आइपुगेँ म । रायल नेपाल एकेडेमीको गठन भयो त्यसको केही समयपछि । बालचन्द्र शर्मा उपकुलपति भए त्यसका कुलपति थिए वा भए स्वयं श्री ५ महेन्द्र । एकेडेमीका लागि पुस्तकालय हुनु आवश्यक थियो त्यस समय । पुस्तक खरिद गर्दिन अनुरोध गरें सूर्यविक्रम ज्ञवालीको सङ्ग्रहमा भएका जति सबै नेपाल विषयका । सूचीपत्र पाए जाहेर गर्छु भने बालचन्द्र शर्माले कुलपति समक्ष । सूचीपत्र पनि आयो त्यसको । पुस्तकमा छापिएको मूल्य हेरेर हिसाब गर्दा जतिमूल्य हुन्छ त्यतिमा लिने वचन दिए बालचन्द्र शर्माले । फेस भ्यालु हिसाब गर्दा साढे छ हजार रुपियाँ पाउने भए उनले । सबै पुसतक आए काठमाडौंसम्म ज्ञवालीकै खर्चमा । अमूल्य पुस्तक पायो एकेडेमीले गुन्द्रुकको भाउमा । ती सबै पुस्तक सुरक्षित होलान् आज पनि प्रज्ञाप्रतिष्ठान पुस्तकालयमा । प्रज्ञा पुस्तकालय भन्नु नै ज्ञवालीको जीवन भएको संग्रह हो त्यो । द्रव्यशाहदेखि पृथ्वीनारायण शाहसम्मका राजाहरूको जीवनी छापेका थिए सूर्यविक्रम ज्ञवालीले आफैंले लेखेर नेपाली साहित्य सम्मेलन मार्फत् सबैतिर पुऱ्याउन । पृथ्वीनारायण शाहदेखि लिएर सबै पुस्तकमा प्रतिबन्ध लाग्यो ज्ञवालीले लेखेको भनेपछि । शाह वंशको गुणगान लेखेबापत जेलजीवन पनि भोगेका थिए सूर्यविक्रम ज्ञवालीले अंग्रेजी साम्राज्यमा राणाहरूको अनुरोधमा । उनको सङ्ग्रहमा आँखा नपर्ने कुरै छैन श्री ५ महेन्द्रको । तर राजा भनेको यस्तो वस्तु हो स्वयं सक्रिय हुँदैन । कुनै कुरामा पनि कसैले कसैका बारेमा निन्दा वा प्रशंसा न झोसेसम्म । प्रशंसाभन्दा निन्दा नै बढी पुग्दछ दरवारी शिष्टाचारमा ।

पुस्तकको मूल्य हस्तान्तरण भइसकेपछि अर्को प्रस्ताव राखें उपकुलपति बालचन्द्र शर्मासित । ज्ञवाली भोक-भोकै छन् बनारसमा । उनका लागि केही गर्दिन अनुरोध गरेँ बालचन्द्र शर्मासित । कार्यालय सचिवमा राख्छु भने उनले । सदस्यसचिव भन्ने पद थिएन त्यससमय । उपकुलपति र सदस्य श्री ५ बाटै मनोनित हुने हुँदा संवैधानिक अङ्गजस्ता थिए ती पद । श्री ५ को सरकारका सचिवभन्दा माथि थिए मर्यादाक्रममा एकेडेमीका सदस्यहरू । कार्यालय सचिव भनेको राजापत्राङ्कित द्वितीय श्रेणीको कर्मचारी सोचेका थिए । उपकुलपति बालचन्द्र शर्माले । एउटा हाइस्कुलको पदबाट निवृत्तिभरण पाएको कर्मचारीलाई कार्यालय सचिव नै पर्याप्त हुन्छ भन्ने तर्क थियो उनको । सदस्य भनेको त धेरै माथिको कुरा हो त्यो नगरौं भने बालचन्द्र शर्माले । बनारसमा चिट्ठी लेखें मैले । कार्यालयसचिव मै पनि बस्न तयार भए ज्ञवाली आफू विशाल जहाजको बोझले गर्दा । मञ्जूर भए तुरुन्त आउन भने ज्ञवालीलाई ।

दुईहजार पन्ध्र सालको आम निर्वाचनमा प्रतिनिधि सभाको एकसय पाँचस्थानमध्ये चौहत्तर स्थानमा विजय हासिल गरेको थियो नेपाली कांग्रेसले । आज जस्तो दुईसय पाँचस्थान थिएन त्यससमय । उन्नाईस स्थानमा जितेर विरोधी आसनमा पुगेको थियो राष्ट्रवादी गोर्खा परिषद् नामको पार्टी । कानुनको वा वकालतको व्यावहारिक तालिम लिन हरिप्रसाद प्रधानसित बसेका थिए विश्वेश्वरप्रसाद कोइराला दार्जीलिङ्गमा । नेपाली भाषामा कथा लेख्न थालेका हुन् कोइरालाले त्यसै समय । कथा लेखनमा खूब प्रोत्साहित गरेका थिए सूर्यविक्रम ज्ञवालीले त्यसबेला विश्वेश्वरलाई । त्यो कुरा बिर्सेका थिएनन् कोइरालाले र दोहोऱ्याएर भन्थे त्यो कुरा । संसदीय दलको नेता चुनिएपछि प्रधानमन्त्री भए उनी । बधाई दिन गएँ कोइरालालाई झमक्क वस्तादको घर नागपोखरी नक्सालमा । सूर्यविक्रम ज्ञवाली काशीबाट आइपुगेको सूचना दिएँ उनलाई र भेट गर्ने समय मागेँ मैले । भोलि बिहान पार्टी कार्यालय चिकमुगलमा भेट गर्ने तय भयो हाम्रो ।

बिहानै तयार भएर गयौं सूर्यविक्रम ज्ञवाली र म जैसीदेवलको छेउ चिकमुगलमा । पहिले नै आइसकेका थिए प्रधानमन्त्री सातबज्नुभन्दा अगावै पार्टी कार्यालयमा । भलाकुसारीपछि समस्या प्रस्तुत गरेँ मैले । लोकसेवा आयोगको सदस्य वा रायल नेपाल एकेडेमीको सदस्यमा नियुक्ति गर्नुपऱ्यो उहाँलाई । त्यस बाहेक जागिर खान उमेरले दिंदैन उहाँलाई भनेँ त्यहाँ । कुनै दिन मौका पारेर श्री ५ मा बिन्ती चढाउँछु भने उनले । आज बेलुका छ

बजे उपकुलपति बालचन्द्र शर्माले कार्यालय सचिवमा बिन्ती चढाउँदैछन् अतः त्योभन्दा पहिले बिन्ती चढाउनुपर्‍यो तपाईंले भनेँ त्यहाँ । गणेशमान श्रेष्ठ नामको निजीसचिव थियो धरानतिरको निकै फुर्तिलो गोरो एउटा हँसिलो केटो । त्यसैलाई राजदरबारमा फोन मिलाउन भने प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले । आज जस्तो सजिलो थिएन । त्यस समयको फोनको कुरा तर लाग्यो सजिलैसँग । साढे पाँच बजे बेलुकाको समय पाए उनले अर्थात् प्रधानमन्त्रीले राजालाई भेट्ने । विश्वेश्वरप्रसाद कोइरालाले राजालाई भेटेर के भने थाहा छैन कसैलाई ।

सूर्यविक्रम ज्ञवालीलाई रायल नेपाल एकेडेमीको कार्यालय सचिवमा बिन्ती चढाउन राजदरवार लिएर गए बालचन्द्र शर्माले । आज कुनै सुसमाचार आउला भन्ने लागेको थियो मलाई । तर त्यो कुरा भनेको थिइन कसैलाई । टेलिभिजनको त कुरै छोडौं रेडियो पनि त्यति सस्तो थिएन त्यससमय । कविशिरोमणि लेखनाथ पौड्यालको बैठक कोठामा भेला हुन्थ्यौं सधैंभरि खबर सुन्न र आज पनि भेला भयौं त्यसैगरी । समय थियो बेलुका सात बजेको । मूल खबरमै रेडियोले भन्यो -"रायल नेपाल एकेडेमीका कुलपतिको हैसियतले श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट निगाहपूर्वक इतिहासकार सूर्यविक्रम ज्ञवालीलाई आजैका मितिदेखि लागू हुने गरी रायल नेपाल एकेडेमीको सदस्य कम-सचिव पदमा नियुक्त गरिबक्सेको छ ।" यो खबर सुन्नासाथ त्यहीं खबर सुन्न बसेका एकजना प्राज्ञले भने-"ए ! यो सदस्य -कम-सचिव भनेको हामी भन्दा ठूलो हो ?" मैले ठट्टै ठट्टामा भनें होइन सदस्य कम सचिव भनेको हुँदा सदस्य भन्दाकम हो त्यो । उनले सन्तोषको सास फेरेर भेन -"ए ! त्यसो भए त ठीकै छ ।" यो कुरा सुनेर एकजना राजनीतिक व्यक्ति गम्भीरतापूर्वक अलिकति मुस्कुराएका थिए ।

यस प्रकार जीवनमा अनेक संघर्ष गरेर नेपाल पसेका सूर्यविक्रम ज्ञवाली विदेशमा नेपालको प्रतिनिधित्व गर्ने सांस्कृतिक सहचारी मात्र होइन राजसभाको सदस्यदेखि लिएर नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कुलपतिसम्म हुन पुगेपछि । संघर्षको फल मीठो हुन्छ भन्ने प्रमाणित गरिदिए आफ्नै जीवनमा उनले ।

*- पानीपोखरी*